## महान्यायाधिवक्ताको कार्यालयबाट जारी प्रेस विज्ञप्ती

आज मिति २०७५ माघ ६ गते कान्तिपुर दैनिकमा प्रकाशित **अन्तरिम आदेशमा मिलिभगत** शीर्षकमा विशेष अदालतका पूर्व अध्यक्ष श्री गौरी वहादुर कार्कीद्वारा लिखित लेखमा महान्यायाधिवक्ताको कार्यालयको समेत नाम जोडी गलत जानकारी प्रवाह गरेको विषयमा यस कार्यालयको गम्भीर ध्यानाकर्षण भएको छ ।

लेखक महोदयले उक्त विषयमा महान्यायाधिवक्ताको कार्यालयको संलग्नता र सम्बद्धता पुष्टी हुने कुनै वस्तुनिष्ट आधार वा उदाहरण लेखमा उल्लेख गर्नुभएको छैन । महान्यायाधिवक्ताको कार्यालयले संविधान र प्रचलित कानून अनुसार नेपाल सरकार र नेपाल सरकारका निकाय वा अधिकारीलाई विपक्षी बनाई दायर हुने रिट निवेदनमा नेपाल सरकारका तर्फबाट सर्वोच्च अदालत लगायत विभिन्न अदालत र न्यायिक निकायमा प्रतिरक्षा गर्ने कार्य गर्दछ । अन्तरिम आदेश बदरका लागि सर्वोच्च अदालतमा निवेदन गर्ने जिम्मेवारी कानूनत महान्यायाधिवक्ताको कार्यालयको होईन । यस सम्बन्धी निवेदन गर्ने जिम्मेवारी सम्बन्धित निकाय वा कार्यालयको हो । महान्यायाधिवक्ताको कार्यालयले विषयवस्तुको गम्भीरता समेतका आधारमा अन्तरिम आदेश बदरका लागि निवेदन गर्न सम्बन्धित निकाय वा कार्यालयहरुलाई जानकारी गराउने कार्य समेत गर्दै आएको छ । यस सम्बन्धी कानूनी व्यवस्थाका बारेमा सरकारी वकीलको भूमिका निर्वाह गर्नु भएका र पूर्व न्यायाधीश समेत रहनु भएका लेखकज्यूलाई जानकारी नहुने प्रश्नै भएन ।

रिट निवेदनमा प्रत्यर्थी बनाईएका नेपाल सरकारका निकायहरुले अन्तरिम आदेश बदर गर्न निवेदन गरेकोमा महान्यायाधिवक्ताको कार्यालयले दर्ताका लागि सर्वोच्च अदालतमा नपठाएको भन्ने कुनै आधार लेखकज्यूले प्रस्तुत गर्न सक्नु भएको छैन ।

यस सम्बन्धी कानूनी व्यवस्थाको अध्ययन नगरी सम्बन्धित बिषयवस्तुबारे यथार्थ विवरण नबुझिकनै यस कार्यालयका सम्बन्धमा उल्लेख गर्नु भएको उक्त विषयमा कुनै सत्यता नभएको र सो कुरा भ्रमपूर्ण रहेको व्यहोरा सवैमा अनुरोध गर्दछु । उक्त लेखमा उल्लिखित यस कार्यालय सम्बन्धी विषयमा भ्रमपूर्ण

अभिव्यक्ति प्रस्तुत गरिएकोमा खेद व्यक्त गर्दै तथ्यपरक विवरण मात्र पस्तुत गरी लेखकीय धर्म निर्वाह गर्नका लागि यस कार्यालयका तर्फबाट विशेष आग्रह गर्दछु ।

मितिः २०७५ माघ ६ गते

(संजीवराज रेग्मी)

प्रवक्ता तथा सहन्यायाधिवक्ता